# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ३६४१

मितिः- २०७६।०१।०२

श्री वडा कार्यालय
टोखा नगरपालिका

**विषय: छात्रवृत्ति सम्बन्धमा**

प्रस्तुत विषयमा टोखा नगरपालिकाको शिक्षा ऐन २०७५ को दफा ५९ को व्यवस्था अनुसार यस क्षेत्रभित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७६ मा पूर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्म उपलब्ध गराउने छात्रवृत्ति सम्बन्धमा विद्यालय रहेको सम्बन्धित वडामा निवेदन सङ्कलन गरी सोही वडाबाट नै छात्रवृत्ति लागि विद्यार्थी छनोट गर्ने भनी मिति २०७५।१२।२४ को नगर शिक्षा समितिको बैठकबाट निर्णय भएकोले तपसिलका प्रक्रिया र आधारमा मिति २०७६।०१।१५ गतेसम्म निवेदन सङ्कलन गर्ने र मिति २०७६।०१।२० भित्र छात्रवृत्ति सिफारिस गर्ने कार्य गर्नु गराउनु हुन अनुरोध गरिन्छ । साथै त्यहाँबाट के कति सङ्ख्यामा छात्रवृत्ति सिफारिस गरिएको छ सोको जानकारी यस शाखामा उपलब्ध गराउनु हुन समेत अनुरोध छ । सम्बन्धित वडा कार्यालयबाट अपनाउनु पर्ने प्रक्रिया र आधार तथा विद्यार्थी वा निजको अभिभावकले दिने निवेदनको ढाँचा, विद्यालयमा पेश गर्नुपर्ने सिफारिसपत्रको ढाँचा यसैसाथ संलग्न छ ।

<u>वडा कार्यालयबाट अपनाउनु पर्ने प्रक्रिया र आधार</u>

१. वडा अध्यक्षको संयोजकत्वमा वडाभित्रका संस्थागत विद्यालयका प्रिन्सिपलहरु सदस्य रहने गरी एक छात्रवृत्ति संयोजन उपसमिति गठन गर्ने र सो उपसमितिले अन्य आवश्यक विधि निर्धारण गर्न सक्ने
२. हरेक विद्यालयमा निम्नानुसारको छात्रवृत्ति छनोट सिफारिस समिति गठन गरी छात्रवृत्ति संयोजन उपसमिति समक्ष सिफारिस गर्ने

तपसिल

| | |
|---|---|
| • सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | संयोजक |
| • सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| • सम्बन्धित विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने सदस्य २ महिला समेत | सदस्य |
| • प्रतिनिधि शिक्षा शाखा | सदस्य |
| • सम्बन्धित विद्यालयको प्रिन्सिपल | सदस्य सचिव |

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५Email : hellotokha@gmail.com/Website: www.tokhamun.gov.np

# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ३६४१

३. छात्रवृत्ति वितरणका लागि निम्न आधार तय गर्ने

क. छात्रवृत्ति पाउने विद्यार्थीहरुको सङ्ख्या १० जना भन्दा बढी भएमा निम्न प्राथमिकताका आधारमा छनोट गर्ने

अ. जेहन्दार ५० प्रतिशत आ. विपन्न २५ प्रतिशत इ. दलित ४ प्रतिशत

ई. आदिबासी जनजाति १२ प्रतिशत उ. अल्पसङ्ख्यक वा अपाङ्गता भएको ३ प्रतिशत

ऊ. सहिद परिवार वा जनआन्दोलन वा मदेस आन्दोलनका घाइते वा बेपत्ता परिवारको सन्तति ३ प्रतिशत

ए. पिछडिएका क्षेत्र वा दुर्गम भेकका बालबालिका ३ प्रतिशत

ख. छात्रवृति उपलब्ध गराइएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गरी र विद्यालयको वेभसाईट भएमा त्यसमा राखी सावर्जनिक गर्न लगाउने र त्यसको एकप्रति विवरण शिक्षा शाखामा पठाउनु पर्ने तथा विवरण हर्ने चाहने व्यक्तिलाई निःशुल्क हेर्न दिनुपर्ने।

४. निवेदनसाथ पेश गर्नुपर्ने कागजात

क. स्थायी ठेगाना खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

ख. विद्यार्थी भर्ना भएको प्रमाण

ग. विद्यार्थीको जन्म दर्ता प्रमाणपत्र तथा अभिभावकको नागरिकता प्रमाणपत्र

घ. बेपत्ता परिवार शहिद, जनआन्दोलनका घाइते मधेश आन्दोलनको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यलयको सिफारिस पत्रको प्रतिलिपी,

ङ. विपन्न वा गरिबको हकमा सरकारी वा गरिबी निवारण मन्त्रालयको परिचय पत्रको प्रतिलिपी वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाईदिइएको सिफारिसको सक्कलै पत्र,

बाबुराम गौतम
शाखा प्रमुख